**भवन  अभिलेखिकरण सम्वन्धी कार्यविधि, २०७९ (संसोधन २०८१)**

माछापुच्छ्रे गाउँपालिका साबिकमा निर्माण भएका र नक्शापास नगरी तला थप भएका भवनहरुको अभिलेखिकरण गरि भवन अभिलेखिकरणको प्रमाण-पत्र जारी गर्ने कार्यलाई सरल, व्यवस्थित र थप प्रभावकारी बनाउन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (२) तथा  माछापुच्छ्रे  गाउँपालिकाको प्रशासकीय कार्यबिधि नियमित गर्ने ऐनको दफा (४) बमोजिम माछापुच्छ्रे गाउँपालिका गाउँ सभाको १६ औ अधिबेशनबाट  **माछापुच्छ्रे गाउँपालिका भवन अभिलेखिकरण सम्बन्धी कार्यविधी २०७९ (संसोधन २०८१ )**  बनाई जारी गरिएको छ।

| ***मुल कानुनमा भएको व्यवस्था*** | **(संसोधन २०८१)** | कारण |
|---|---|---|
| **परिच्छेद-५**<br>**विविध**<br>(१) भवन अभिलेखीकरण कार्यका लागि यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मितिदेखि ०६ महिनाभित्र As Built Drawing सहित दरखास्त फाराम भरी गाउँपालिकामा दरखास्त निवेदन दर्ता गरिसक्नु पर्नेछ र दरखास्त निवेदनको अन्तिम मितिदेखि ४ महिनाभित्र सम्पूर्ण तोकिएको प्रक्रिया पूरा गरी अभिलेखीकरण प्रमाणपत्र प्राप्त गर्नुपर्नेछ। | **परिच्छेद-५**<br>**विविध**<br>(१) भवन अभिलेखीकरण कार्यका लागि  *सम्बत २०८१ माघ १ मा कार्यपालिकाले सुचना प्रकाशन गरी आगामी ५ महिना  भित्र घरधनीले* As Built Drawing सहित दरखास्त फाराम भरी गाउँपालिकामा दरखास्त निवेदन दर्ता गरिसक्नु पर्नेछ र दरखास्त निवेदनको अन्तिम मितिदेखि ४ महिनाभित्र सम्पूर्ण तोकिएको प्रक्रिया पूरा गरी अभिलेखीकरण प्रमाणपत्र प्राप्त गर्नुपर्नेछ। | भबन अभिलेखिकरणको काम सम्पन्न नभएको तथा स्थानीय आवश्यकताको कारणले म्याद थप पर्ने अवस्था सृजना भएको । |
| **परिच्छेद-४**<br>**भवन अभिलेखिकरण प्रमाणपत्र सम्बन्धी व्यवस्था**<br>(२) भवन अभिलेखिकरण भएपछि हरेक घरधनीले भवन अभिलेखिकरण प्रमाणपत्र तोकीएको समयावधि भित्र लिईसक्नुपर्नेछ। | **परिच्छेद-४**<br>**भवन अभिलेखिकरण प्रमाणपत्र सम्बन्धी व्यवस्था**<br>(२) भवन अभिलेखिकरण भएपछि हरेक घरधनीले भवन अभिलेखिकरण प्रमाणपत्र तोकीएको समयावधि भित्र लिईसक्नुपर्नेछ। *जग्गाधनीको मृत्व भई निजको नाममा रहेको जग्गामा निर्माण भएको भवन अभिलेखिकरण गर्दा उक्त जग्गाको हकवालाहरुले भविष्यमा कुनै उजुर बाजुर नगर्ने शर्तमा आपसी सहमति गरेको वडा वाट प्रमाणित सहमति कागजको आधारमा अभिलेखिकरण गर्न सहमती प्राप्त गर्ने व्यक्तिले आफ्नो नाममा घर अभिलेखिकरण प्रमाणपत्र तोकीएको समयावधि भित्र लिईसक्नुपर्नेछ।*<br><br>*निजले भविष्यमा आफ्नो नाम जग्गाधनी पुर्जा नामसारी गरेको प्रमाणपत्र तथा आवश्यक कागजात  सहित अभिलेखिकरण प्रमाणपत्र नामसारीको निवेदन गाँउकार्यपालिकाको  कार्यालयमा पेश गरेमा निज सँग  तोकिएको राजस्व लिई   निजको नाममा घर अभिलेखिकरण प्रमाणपत्र नामसारी गरिदिनेछ।* | *जग्गाधनीको मृत्व भई निजको नाममा रहेको जग्गामा निर्माण भएको भवन अभिलेखिकरण कार्यलाई नियमित गर्न आवश्यक भएकोले* |

माछापुच्छ्रे गाउँपालिका